म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १९५ सोमबार ९ फागुन २०७८ पञ्चमी ने. सं. ११४२ सिल्लाथ्व 21 February, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुर्घटनामा युवकको मृत्यु

हेटौंडा, ८ फागुन/ कान्तिलोकपथअन्तर्गत् हेटौंडा उपमहानगरपालिका-५ क्याम्पाडाँडामा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

आइतबार बिहान करिब २ बजे हेटौंडा-८ कमानेबाट क्याम्पाडाँडातर्फ आउँदै गरेको ना. ६३ प ७४२ नम्बर मोटरसाइकल दुर्घटना हुँदा चालक हेटौंडा-१५ फायरलाइन बस्ने २५ वर्षीय बिक्रम वाइबाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । तीव्र गतिमा रहेको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको डीएसपी रिमालले बताए ।

दुर्घटनामा गम्भीर घाइते वाइबाको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको रिमालले जानकारी दिए । मोटरसाइकलमा सवार हेटौंडा-१५ फायरलाइन घर भएका ३१ वर्षीय रमेश बल घाइते भएका थिए । घाइते बलको हेटौंडा अस्पतालमा उपचारपश्चात् आइतबार बिहानै डिस्चार्ज भएको डीएसपी रिमालले जानकारी दिए ।

# विभाजित मन्त्रालयको बजेट वडाको भन्दा कम

## 'मन्त्रालयको बजेटबाट उल्लेख्य विकास हुने आशा क्षीण'

सिर्जना नेपाल

हेटौंडा, ८ फागुन/ हेटौंडा उपमहानगरपालिकाको १९ नम्बर वडाको सिलिङ बजेट नै दुई करोड ३० लाख रुपियाँ छ । प्रदेश र संघीय सरकारबाट पाएको अनुदानसहित वडाको कूल बजेट चार करोडभन्दा बढि छ । तर, त्यो बजेट वडामा काम गर्नको लागि कम भइरहेको वडा अध्यक्ष नरनाथ सुवेदी बताउँछन् ।

वडाबाट हुने विकास कार्यको लागि बजेट कम भएको वडा अध्यक्ष सुवेदीको भनाई छ । 'यति बजेट हाम्रो लागि टोक्नु कि बोक्नु भनेको जस्तै हो । पाँच करोडसम्मको बजेट त हामी वडाबाट सजिलै चलाइदिन्छौं', उनले भने । करिब ४ करोड बजेट स्थानीय तहको एउटा वडालाई मात्रै पनि कम भइरहँदा बागमती प्रदेशको विभाजित मन्त्रालयहरुले वडाभन्दा कम तीन करोडको हाराहारीमा चित्त बुझाउनु परेको छ ।

दलीय भागवण्डा मिलाउन विभाजन भएका मन्त्रालयहरुले वडाको भन्दा कम अर्थात् तीन करोडको हाराहारीमा मात्रै बजेट पाएका हुन् । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतले दिएको जानकारी अनुसार प्रदेशको दुई वटा मन्त्रालयले तीन/तीन करोडको हाराहारीमा बजेट पाएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभाजन भएर बनेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र सँस्कृति तथा पर्यटन मन्त्रालयले तीन/तीन करोडको हाराहारीमा बजेट पाएको स्रोतले जानकारी दिएको छ ।

मन्त्रालयहरुले पाएको बजेट हेटौंडा उपमहानगरपालिकाको १९ नम्बर वडाले पाएको सिलिङ बजेटभन्दा ७० लाखमात्रै बढि हो । हेटौंडाका अन्य वडाहरुले पनि कम्तिमा एक करोड ५० लाखदेखि एक करोड ८० लाखसम्म सिलिङ बजेट पाएका छन् । वडाले पाएको विभिन्न अनुदानलाई जोड्दा मन्त्रालयको बजेट वडाको भन्दा कम छ । वडाको बजेटले एउटा वडाको मात्रै विकासको लागि खर्च हो भने प्रदेशको मन्त्रालयले १३ वटा जिल्लाको विकासलगायत कार्यमा खर्च गर्नुपर्छ । मन्त्रालयले पाएको तीन करोड रुपियाँ विकास खर्चको लागिमात्रै होइन । त्यो तीन करोडभित्रबाटै मन्त्रालयले कर्मचारी हरुको तलबभत्ता, कार्यालय खर्च, प्रशासनिक खर्च पनि गर्नुपर्ने अर्थ मन्त्रालय स्रोतले जानकारी दियो ।

अर्थ मन्त्रालय स्रोतका अनुसार हालसम्म विभाजित मन्त्रालयहरुमा बजेट बाँडफाटको लागि आएको प्रस्तावमा सबैलाई तीन करोडको हाराहारीमा नै बजेट दिने तयारी भएको छ । 'अहिले हामी आर्थिक वर्षको बीच समयमा आएर केहि पनि गर्न सक्दैनौं । हामीले थपिएका सबै मन्त्रालयहरुलाई तीन करोडको हाराहारीमा मात्रै बजेट दिइरहेका छौं', स्रोतले भन्यो । स्रोतका अनुसार हाल बजेट बाँडफाटको लागि अर्थ मन्त्रालयमा सामाजिक विकास मन्त्रालयले पनि प्रस्ताव गरेको छ ।

सामाजिक विकास मन्त्रालयले आफूबाट विभाजित भएर बनेको युवा तथा खेलकुद विकास मन्त्रालयको लागि बजेट प्रस्ताव गरेको छ । सो मन्त्रालयलाई पनि ३ करोडको हाराहारीमा नै बजेट दिने तयारी भइरहेको स्रोतको दाबी छ । यसैगरी, बजेट बाँडफाटको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले पनि अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरिसकेको छ । सो मन्त्रालयबाट विभाजन भएर बनेको भूमी, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पनि योजना कार्यान्वयनदेखि कर्मचारीको तलबभत्ता र कार्यालय खर्चसमेत गरी तीन करोडकै हाराहारीमा बजेट पाउने अर्थ मन्त्रालय स्रोतको दाबी छ ।

तीन करोड रुपियाँ बजेट पाएको सँस्कृति तथा पर्यटन मन्त्रालय मन्त्री दीपेन्द्र श्रेष्ठले यस विषयमा बोल्न खोजेनन् । वडास्तरको हाराहारीमा मन्त्रालयले बजेट पाएपछि *साझाकुराले* उनीसँग कुरा गर्न खोज्दा मन्त्री श्रेष्ठले बोल्न नचाहेका हुन् । उनले मन्त्रालयको लागि ३ कोड रुपियाँ बजेट कम भएको मात्रै प्रतिक्रिया दिए ।

प्रदेश सरकारको सबैभन्दा धेरै बजेट भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले भने अहिलेसम्म बजेट बाँडफाट गर्नको लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरेको छैन । अर्थ मन्त्रालय स्रोतले दिएको जानकारी अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले हालसम्म आफूबाट विभाजन भएर बनेका मन्त्रालयलाई दिनुपर्ने बजेट बाँडफाट गर्न प्रस्ताव पेश नगरेको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयबाट विभाजित भएर श्रम, रोजगार तथा यातायात मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय बनेको छ ।

मन्त्रालय बनेको ३ महिना पुग्न लाग्दासम्म ती मन्त्रालयले न बजेट पाएको छ न योजना । भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रवक्ता नविन सिंहले केही दिनभित्र नै अर्थ मन्त्रालयमा बजेट बाँडफाटको प्रस्ताव लैजाने तयारी भइरहेको बताए । अन्य मन्त्रालयहरुको तुलनामा आफूहरु ढिला भएको भन्दै उनले छिट्टै नै विभाजित मन्त्रालयहरुले बजेट पाउने दाबी गरे ।

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश सरकारको काम छिटो, छरितो, सहज र प्रभावकारी बनाउको लागि मन्त्रालय विभाजन गरेको बताउँदै आएका छन् । प्रदेश सरकारको कामलाई प्रभावकारी बनाउनको लागि खडा गरिएको मन्त्रालयहरुले स्थानीय तहको वडास्तरको पनि बजेट र काम दुवै पाउन सकेका छैनन् । मुख्यमन्त्री पाण्डेले गएको मंसिर १५ गते ८ मन्त्रालयलाई फुटाएर १४ बनाएका थिए । फागुन १५ गते ती मन्त्रालय बनेको ३ महिना पूरा हुन्छ । तर, हालसम्म विभाजित मन्त्रालयहरुले बजेट र योजना पाउन सकेका छैनन् । बजेट पाएको मन्त्रालयहरु पनि वडाको भन्दा कम बजेटमा चित्त बुझाउन बाध्य छन् ।

## मकवानपुरमा ६ जना संक्रमणमुक्त

हेटौंडा, ८ फागुन/ मकवानपुरमा पछिल्लो समय कोरोना संक्रमित हुनेभन्दा संक्रमण मुक्त हुनेको संख्यामा बृद्धि भएको छ ।

कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण दर क्रमश: घट्दै जाँदा नयाँ संक्रमितभन्दा संक्रमणमुक्त हुनेको संख्या बढी रहेको हो । स्वास्थ्य कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार जिल्लामा आइतबार थप ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको थियो । आइतबार नै ६ जनाले कोरोना संक्रमणलाई जित्न सफल भएको कार्यालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा २० जनामा पीसीआर विधिबाट परीक्षण गर्दा र १२ जनामा एन्टिजेन विधिबाट परीक्षण गर्दा क्रमश: २/२ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । आइतबार थपिएका संक्रमित ३ जना हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । संक्रमित एक जना थाहा नगर पालिकाका रहेको कार्यालयले जनाएको छ । मकवानपुरमा हाल सक्रिय संक्रमितको संख्या ३९ छ । संक्रमणबाट हालसम्म एकसय ७१ जनाले ज्यान गुमाइसकेको तथ्याङ्क छ ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००


# धमाधम बन्दै कृषि थोक बजार



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङमा अन्तर्राष्ट्रियस्तरको कृषि थोक बजार निर्माण धमाधम भइरहेको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालय र हेटौंडा उपमहानगर पालिकाको संयुक्त लगानीमा कृषि थोक बजार निर्माण भइरहेको हो । निर्देशनालयले २०८१ सम्ममा भवन निर्माण सकेर उपमहानगरलाई हस्तान्तरण गर्ने लक्ष्य लिएको छ । निर्माणधीन बजार प्रदेश सरकार र उपमहानगरपालिकाको महत्वपूर्ण विकास योजना भएको भन्दै निर्माण कार्य समयमै सक्नुपर्ने हेटौंडा उपमहानगरकी उपप्रमुख मिनाकुमारी लामा बताइन् ।

२८ करोड ३६ लाख ५५ हजार लागतमा कृषि थोक बजार निर्माण भइरहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेले बताए । जसमा कृषि विकास निर्देशनालयको ७० प्रतिशत र उपमहानगरपालिकाको ३० प्रतिशत लगानी छ । दुई विगाहा चार धुर जग्गामा बजार निर्माण भइरहेको हो । कृषि थोक बजार निर्माण उपमहानगरको गौरबको योजना रहेको नगर प्रमुख हरिबहादुर महतले बताए । 'स्थायीरुपमा तरकारी तथा फलफूलका लागि थोक बजार निर्माण नहुँदा धेरै समस्या थियो । यो निर्माण भएपछि समस्या हल हुन्छ', प्रमुख महतले भने ।

कृषि थोक बजारमा सित भण्डार, प्याकिङ, ग्रेडिङ, प्रशोधनलगायतको सुविधा हुने कृषि विकास निर्देशनालयका निर्देशक रबीन्द्रबहादुर प्रधानले जानकारी दिए । थोक बजारबाट कृषकहरुले उचित मूल्य पाउने, उपभोक्ताले चाहे अनुसार गुणस्तरीय कृषि उपज उपभोग गर्न सक्ने प्रधान बताउँछन् । कृषि थोक बजार सञ्चालन भएपछि उपभोक्ता र फार्म गेट मूल्यको अन्तर बढी रहने समस्या हट्ने विश्वास दुबै सरकारले गरेका छन् । हेटौंडा-१०, बसपार्कस्थित अस्थायी तरकारी बजारलाई यहाँ स्थानान्तरण गरिने जनाइएको छ ।

राप्ति पुलसँगै दक्षिणतर्फको खाली जग्गामा कृषि थोक बजार निर्माण भइरहेको हो । पूर्व-पश्चिम राजमार्गसँगै जोडिएकाले कृषि थोक बजारबाट तरकारी, फलफूललगायतका कृषि उपज ल्याउन र लैजान पनि सहज हुने निमित्त निर्देशक प्रधानले बताए । 'यहाँ प्याकेजिङ भएका तरकारी देशभर र विदेशमा पनि पठाउन सकिन्छ । कोल्ड स्टोर्ससहित कृषि सुपरमार्केट निर्माण हुँदा किसानसहित सबैलाई फाइदा पनि हुन्छ', प्रधानले भने ।


## कर्मचारी आवश्यकता

पूर्व पश्चिम राजमार्ग अन्तर्गत रौतहट जिल्लाको चन्द्रपुर (चपुर) मा २०६८ सालमा स्थापना भई पारिवारिक तथा मध्यम खर्चको होटलको रुपमा परिचित यस होटलको लागि निम्नअनुसार कर्मचारी आवश्यक परेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशिल

| क्र.सं. | पद | कामको प्रकार |
|---|---|---|
| १ | अप्रेशन म्यानेजर | सामाग्री व्यवस्थापन तथा समन्वय |
| २ | एकाउन्टेन्ट | प्रशासन तथा लेखा |
| ३ | किचन सेफ | भान्छा (प्रमुख कुक) |
| ४ | बार टेन्डर | रेष्टुरेण्ट एण्ड बार |
| ५ | रिसेप्सनिष्ट | ग्राहक सेवा |
| ६ | कुक | भान्छा |
| ७ | रेष्टुरेण्ट क्याप्टेन | रेष्टुरेण्ट एण्ड बार |
| ८ | वेटर | ग्राहक सेवा |
| ९ | हाउसकिपर | हाउसकिपिङ |
| १० | किचन ह्यान्ड | रेष्टुरेण्ट |
| ११ | क्लिनर | सरसफाई गर्ने |
| १२ | सेक्युरेटी गार्ड | सुरक्षा सम्बन्धि काम गर्ने |

तलब : आपसी समझदारीमा तय गरिने छ ।
सम्झौता अवधि : १ वर्ष


नोट: आवेदनबाट छनोट भएका आवेदकहरुलाई फागुन १२ र १३ गते हुने अन्तर्वाताको लागि सम्पर्क गरिनेछ ।

ROM HOTEL **रोम होटल एण्ड लज**
सम्पर्क : ०५५-५४००२३, ९८५१११००५८१
चन्द्रपुर-४, रौतहट, प्रदेश २



## घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# स्वास्थ्य सचेतनामा खर्चिएको रकम 'बालुवामा पानी' नहोस्

मानव स्वास्थ्यसंग सम्बन्धित विषयमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले विभिन्न सञ्चारका माध्यमबाट दैनिकरुपमा सचेतनामूलक सन्देशहरु प्रकाशन/प्रसारण गरि रहेका हुन्छन् । कम उमेरमा विवाह गर्नु हुँदैन । बेलाबेलामा स्वास्थ्य परीक्षण गरिरहनु पर्दछ । गर्भवती महिलाहरुले समयसमयमा स्वास्थ्य परीक्षण गराउनु पर्दछ । पोषिलो खानेकुराहरु खानु पर्दछ । स्वास्थ्य संस्थामा प्रसुति गराऔं । यस्ता धेरै सन्देशहरु प्रवाह भइरहेका छन् । तर, त्यसको प्रभाव भने पर्न नसकेको र सर कारी र गैरसरकारी क्षेत्रबाट यस्ता सचेतनामूलक क्षेत्रमा गरिएको रकम 'बालुवामा पानी' भनेझैं भएको हो कि भन्ने भान भएको छ ।

सरकारले गर्भवती आमा र बच्चाको मृत्युदर घटाउन लामो समयदेखि विभिन्न अभियानहरु पनि सञ्चालन गर्दै आएको छ । तर, अझै पनि गर्भवती तथा सुत्केरी आमा र बच्चाको मृत्युदर भने घट्न नसकेको तथ्य सार्वजनिक भएको छ । यसबाट सचेतनामूलक सन्देशको प्रभाव शून्यप्राय: भएको हो कि भन्ने बुझिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार गत चार वर्षमा एकसय २७ शिशुले गर्भमै ज्यान गुमाए । जन्मिएको एक महिना नपुग्दै ८२ शिशुको ज्यान गयो । सात जना गर्भवती तथा सुत्केरीको ज्यान गयो । यीमध्ये अधिकांशको घरमै मृत्यु भएको पाइएको छ ।

अहिले सरकारले हरेक वडामा स्वास्थ्य संस्थाहरु खोलेको छ । स्वास्थ्यकर्मीहरु खटाएको छ । गैरसरकारी संस्थाहरुले त्यत्तिकै मात्रामा सेवाहरु सञ्चालन गरेका छन् । चेतनामूलक सडक नाटक तथा सन्देशमूलक टेलिचलचित्रहरु प्रशारण भइरहेका छन् । यद्यपि, घरमै सुत्केरी गराएको कारण वा सानै उमेरमा विवाह गरेको कारण गर्भवती महिला तथा सुत्केरी र शिशुको मृत्युदर अपेक्षाकृत घट्न नसक्नुको कारण खोजी गर्नु जरुरी छ । पहिलेको भन्दा शिक्षाको स्तर पनि उकास्सिएको छ । सामाजिक सञ्जालहरुमा धेरै उपयोगी टिप्सहरु पनि पढ्न र सुन्न पाइन्छ । तर, ती त्यस्ता सूचनालाई बेवास्ता गर्ने गरेका कारण मानिसमा चेतनास्तरमा अझै विकास हुन नसकेको भान हुन्छ । त्यसैले त्यस्ता सूचनाहरुलाई लक्षित वर्गमा प्रभावकारी ढंगले पुऱ्याउने उचित उपाय अबलम्बन गर्न नसकिए यो शीर्षकमा गरिएको खर्च 'बालुवामा पानी' सावित हुने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ फागुन १० गते सोमबार २२ फेब्रुअरी २०२२ । फागुन कृष्ण षष्ठी । सिल्लागा षष्ठी ११४२ । सूर्योदय ६:३५ र सूर्यास्त ५:५९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : शत्रुबाट मुक्त |
| वृष | : धन प्राप्ति | वृश्चिक | : धन नष्ट |
| मिथुन | : सुख प्राप्ति | धनु | : मिष्ठान्न भोजन |
| कर्कट | : आफन्तजन भेट | मकर | : यात्राको योग |
| सिंह | : भित्रजन भेट | कुम्भ | : आलश्यता |
| कन्या | : प्रेममा सफलता | मीन | : शुभ कार्यको थालनी |

# एमसीसीलाई आइपीएससँग जोडेर किन विवाद ?



सन्तोष मेहता

एमसीसीबारे भ्रममा आधारित जे जति बहस भएका छन्, यसले हामीलाई अन्तर्राष्ट्रिय जगतमा हलुको बनाइदिएको छ । अझ केही दिनदेखि सडकमा एमसीसीका विरोधबारे जुन ताण्डव भैरहेको छ, यसप्रति चिनियाहरू खुलेर विरोधको स्वरहरु सुन्दा ती सबै सुनियोजित ढंगबाट फैलिएको जस्तो लाग्छ ।

हाम्रो देश आन्तरिक राजस्वले मुश्किलले चालु खर्च धान्छ । आफ्नो नियमित खर्च धान्न संघर्ष गरिरहेको अवस्थामा आफ्नो देशलाई विकासमुखी बनाउन विश्व बैंकलगायत अन्य मुलुकबाट धेरै ऋण लिएका छौं । यस अवस्थामा करिब ६० अर्ब रुपैयाँको विदेशी मुद्रा अनुदान कोरोना महामारीले कमजोर बनेको अर्थतन्त्रका लागि सानो रकम होइन । दुई वर्ष यताको कोरोना प्रकोपका कारण विश्व अर्थतन्त्र कमजोर बन्दै गएको र विकास सहायता जताततै ठप्प भएको अवस्थामा यो रकमले नेपाली अर्थतन्त्रमा तर लता ल्याउने नै छ । यसले नेपालको विदेशी मुद्रा सञ्चितिमा योगदान पुर्याउँछ ।

नेपालले प्राप्त गरेको अनुदानमध्ये एमसीसी सबैभन्दा पारदर्शी भयो । तर, दुर्भाग्यवश, यो पारदर्शिताले अफवाह फैलाउनेहरूलाई मद्दत गर्यो । आलोचकहरूले एमसीसीको बारेमा अलिक बढी यसकारण आलोचना गरेका छन्, कतै यो सम्झौता अमेरिकाले केही समयअघि सारेको इन्डोप्यासिफिक सामरिक रणनीति (आइपीएस) को अङ्ग त होइन ? साथै, यस सम्झौतामा निहित केही सर्तबारे पनि संशय छ । सुरु सुरुमा अमेरिकाका सहायक विदेशमन्त्री स्तरका व्यक्ति तथा काठमाडौंस्थित नेपाली दूतावासका अधिकारीहरुले नै भनेका थिए कि एमसीसी परियोजना आइपीएसकै अंग हो । तर विवादित भएपछि अहिले अमेरिकी दूतावासले एमसीसी आईपीएससँग सम्बन्धित छैन भन्न थालेको छ । त्यति मात्र होइन, उसले लिखित रुपमै सरकारलाई एमसीसी आइपीएसको अंग नभएको बताई सकेपछि, केही अधिकारीको पछिल्लो अभिव्यक्ति जिब्रो चिप्लिएको रुपमा वा निजी अभिव्यक्तिको रुपमा हामीले लिन सक्नु पर्थ्यो । तर त्यही पुरानो अभिव्यक्तिलाई लिएर अमेरिकी सेना आउने लगायतको भ्रम फैलाउने औजारको रुपमा प्रयोग गर्दै आएका छन् । इराक, अफ्गानिस्तान जस्तै एमसीसीमार्फत् अमेरिकी सेना नेपालमा प्रवेश गर्ने हल्लाले यतिबेला बजार तातिएको छ । तर ती देशमा एमसीसी लागू भएर सेना गएका होइनन् ।

अफ्गानिस्तानमा अमेरिका मात्र हैन, त्यसअघि नै रुसी सेना गएको हामीले बिर्सनु हुन्न । अफ्गानिस्तानमा अमेरिका गएको सन्दर्भमा सेप्टेम्बर ११ को घटना, ट्वीन टावरको विध्वंस, करिब ४ हजार अमेरिकी नागरिकको हत्या र करिब २८ हजार घाइते भएको घटना पनि हामीले बिर्सनु हुन्न । त्यसबाहेक अमेरिकाले संसारमा जहाँ जहाँ सैन्य अड्डा स्थापना गरेको छ, सबै दोस्रो विश्वयुद्धको समयमा वा त्यस लगतै स्थापना भएका थिए ।

समकालीन विश्व बहुध्रुवीय र लोकतान्त्रिक विश्व हो, एक मुलुक अर्को मुलुकलाई उपनिवेश बनाउन र सेना राख्न त्यति सजिलो छैन । अमेरिकी सेना २० वर्षदेखि बसेको अफ्गानिस्तान त छोडेर हिंड्यो, हिडनुपर्यो । नेपालले एमसीसी कम्प्याक्टमा हस्ताक्षर गरेको पहिलो राष्ट्र पनि होइन, ५० वटा देशमा एमसीसी कहीं लागु भएको, कहीं लागु हुने क्रममा छ । के अमेरिकी सैनिक ती देशमा आए त ? के ती देश अमेरिकी कब्जामा छन् त ? कदापि छैनन् । अमेरिकाले गरिबी घटाउन मद्दत गर्न कुनै सैन्य शिविर स्थापना गरेको छैन ।

एमसीसी कागजातमा सैन्यकरण शब्द उल्लेखसम्म गरिएको छैन । बरु, कागजातमा भनिएको छ कि एमसीसीबाट प्राप्त सहायता सेना, पुलिस, मिलिसिया, नेशनल गार्ड र अन्य अर्धसैनिक संगठन वा एकाइहरूलाई सहयोग वा प्रशिक्षण प्रदान गर्न प्रयोग गरिने छैन । त्यसैगरी वातावरण र मातृत्वलाई असर गर्ने अनुदान सहायता प्रयोग गर्न निषेध गर्दछ । त्यसैगरी एमसीसी परियोजना विवादित आइपीएसभन्दा वर्षौ पुरानो छ ।

आइपीएसको अवधारणा अमेरिकाले विकासशील देशहरूलाई सहयोग गर्ने उद्देश्यले एमसीसी स्थापना गर्दा जन्मिएको पनि थिएन । एमसीसी लागु भएका देशहरू एसिया प्रशान्त क्षेत्रमा मात्रै नभएर विश्वभर रहेका छन् । आइपीएसअन्तर्गत भएको भए यो क्षेत्रमा मात्र लागु गर्नुपर्थ्यो । मानौं कि अमेरिकाको भित्री योजना वा मनसायमा एमसीसी आईपीएसको अंग नै हो, जबसम्म त्यो सम्झौतामा लेखिन्न, मनसाय वैधानिक हुँदैन । अमेरिकाले कुनै गलत मनसाय देखाए हामी एक महिनाको सूचनामा सम्झौता खारेज गर्दिन सक्छौं । त्यो अधिकार हामीलाई त्यही सम्झौताले दिएको छ । अब 'इन्डो प्यासिफिक स्ट्राटेजी' (आइपियस)को बारेमा थोरै चर्चा गरौं । वास्तवमा आइपीएस आफैमा सैनिक रणनीति वा गठबन्धन होइन । अमेरिकी राष्ट्रपतिले प्रत्येक दुई वर्षमा राष्ट्रिय सुरक्षा रणनीति जारी गर्छन् । यो आवधिक प्रकृतिको हुन्छ । यसमा सुधार र परिवर्तन भइरहन्छ । आफ्ना हित प्रवर्द्धन गर्न समग्रमा विश्व र केही खास देशलाई कसरी हेर्ने, व्यवहार गर्ने र त्यसका लागि स्रोत साधनको परिचालन गर्ने सम्बन्धमा रणनीतिमा उल्लेख गरिएको हुन्छ ।

आइपियस भनेको हिन्द प्रशान्त क्षेत्रमा देखा परिरहेका चुनौतीसँग सामना गर्न बनाएको रणनीति मात्र हो, यो सैनिक रणनीति होइन । त्यसैले यसको नाम 'इन्डो प्यासिफिक सिक्योरिटी स्ट्राटेजी' नराखी 'इन्डो प्यासिफिक स्ट्राटेजी' मात्र राखिएको प्रस्ट देख्न सकिन्छ । तसर्थ यसलाई सैनिक रणनीति भन्ने आधार भेटिँदैन । तर हिन्द प्रशान्त क्षेत्रमा युद्ध हुने खतराका पूर्वसूचक देखा परेमा अमेरिकाले प्रस्टरूपमा सैनिक रणनीति बनाई अघि बढ्ने सक्ने देखिन्छ ।

आइपीएसका लक्ष्य हासिल गर्न तीनवटा मार्ग या प्रयास तय गरिएका छन्, जसमा तयारी, साझेदारी र नेटवर्किङ एवं त्यस क्षेत्रको सम्बर्द्धन । हुन सक्छ एमसीसी अन्तर्गतको सहायता मात्र होइन, अब सबै प्रकारका अमेरिकी सहायता, भ्रमण, भेटघाट, सेमीनार, तालिम आदि यही क्षेत्रीय रणनीति अन्तर्गत रहेर सञ्चालन हुनेछन् । किनकि यी सबै गतिविधिले साझेदारी र नेटवर्किङमा टेवा पुर्याउँछ । आइपीएस तह त एमसीसी लागु भएका क्षेत्रका राष्ट्रहरूसँग नेटवर्किङ गर्नेसम्मको रणनीति मात्र तय गरेको हुन सक्छ । यसमा प्रतिरक्षाका लागि सैनिक गठबन्धन वा सैनिक संगठन निर्माण गर्ने विषयलाई समावेश गरिएको छैन ।

सैनिक गठबन्धन नेटवर्किङभन्दा धेरै उच्चस्तरको सम्बन्ध हो । विद्यमान रणनीति अन्तर्गत अमेरिकासँग सैनिक गठबन्धनमा नभएका नेपालजस्ता देशहरूलाई त्यसमा समावेश गर्ने लक्ष्य राखेको देखिँदैन । पछि एसिया प्यासिफिक क्षेत्रमा सैनिक प्रकृतिको चुनौती देखा पर्न गएमा अमेरिकाले छुट्टै नयाँ स्ट्राटेजी बनाउला । कुनै पनि स्ट्राटेजी स्थायी प्रकृतिको हुँदैन । निश्चित समयावधिमा उत्पन्न हुन सक्ने खतरा र चुनौतीलाई सम्बोधन गर्न रणनीति बनाइएको हुन्छ ।

यही साता, अमेरिकी राष्ट्रपति जो बाइडेन सत्तामा आएको १३ महिनापछि वासिङ्टनले नयाँ हिन्द प्रशान्त रणनीति सार्वजनिक गरेको छ । रणनीतिमा चीनको विश्वभर बढ्दो सम्बन्ध र प्रभावलाई अमेरिका र अमेरिकाका सुरक्षा तथा आर्थिक गठबन्धनमा जोडिएका मुलुकका लागि मुख्य चुनौतीका रुपमा व्याख्या गरिएको छ । प्रतिवेदनमा उल्लेख छ, 'चीन विश्वभर आफ्नो दादागिरी र आक्रामकता देखाइरहेको छ । त्यसमा पनि इन्डो प्यासिफिक क्षेत्रमा चीन सघन रुपमा सक्रिय छ । अस्ट्रेलियामाथि चीनको आर्थिक दादागिरी, भारतसँगको 'वास्तविक नियन्त्रण रेखा'मा देखिएको चीनको द्वन्द्व, ताइवानमाथि चीनको बढ्दो दबाब, पूर्वी र दक्षिण चीन सागर वरपर रहेका छिमेकीमाथि चीनको दादागिरी यसका उदाहरण हुन् ।' त्यसैगरी रणनीतिमा हिन्द प्रशान्त क्षेत्रमा रणनीति कार्यान्वयनका लागि दक्षिण एसियाको शान्ति र स्थिरताका लागि भारतको भूमिकालाई विशेष जोड दिइएको छ । दक्षिण एसियामा भारतको उदाउँदो हैसियतलाई अमेरिकाले सहयोग र समर्थन गर्ने पनि रणनीतिमा उल्लेख छ । रणनीतिमा अमेरिका स्वतन्त्र र खुल्ला, समृद्ध, सुरक्षित र लचिलो हिन्द प्रशान्त क्षेत्रका पक्षमा रहेको पनि उल्लेख छ ।

अमेरिकाले आफ्नो रणनीतिक योजना कार्यान्वयनका लागि हिन्द प्रशान्त क्षेत्रमा नयाँ दूतावास र महावाणिज्यदूतावासहरु खोल्ने, पिस कोरको उपस्थिति बढाउने र हिन्द प्रशान्त आर्थिक ढाँचा अघि बढाउने नीति लिएको छ । कोरोना महामारी र जलवायु परिवर्तनलाई पनि हिन्द प्रशान्त क्षेत्रका अन्य चुनौतीका रुपमा रणनीतिमा व्याख्या गरिएको छ । इण्डो प्यासिफिक स्ट्राटेजी प्रतिवेदनमा दक्षिण एसियाली मुलुकहरूमध्ये भारतसँग अमेरिकाले बृहत् रणनीतिक साझेदारी कायम राखेको छ । भारत एउटा मुख्य प्रतिरक्षा साझेदार देश हो भनी उल्लेख गरिएको छ । भारत, जापान, अस्ट्रेलिया र अमेरिका चारवटा देशबीचमा एउटा 'क्वाड' गठन गरिएको छ । क्वाडचाहिँ एक प्रकारको सैनिक गठबन्धन हो ।

हुत त अमेरिकाले नेपाललाई धेरै पहिल्यैदेखि नै सैन्य क्षेत्रमा पनि सहयोग गर्दै आएको हो । प्रतिआतंकवादतर्फ माओवादी विद्रोहीविरुद्ध लड्न अमेरिकाले नेपाललाई सहयोग गरेको सर्वविदितै छ । त्यस्तैगरी पैदल फौजको क्षमता अभिवृद्धि गर्न पैदल फौजको व्यक्तिगत हतियार तथा 'इक्युपमेन्ट' हरूको सहायता तथा बिक्री र सैनिक तालिम दिँदै आएको छ । नेपालको राष्ट्रिय सुरक्षा नीतिले नेपाल कुनै पनि सैनिक गठबन्धनमा समावेश नहुने स्पष्ट पारिसकेको छ ।

नेपालका यी नीतिहरूले अमेरिकाको मात्र होइन, कुनै पनि देश वा देशहरूले मिलेर बनाएको सैनिक संगठन वा गठबन्धनमा नेपाल बाँधिन सक्दैन भन्ने स्पष्ट पारिसकेको छ । कतिपयले नेपाल असंलग्न राष्ट्र भएकोले एमसीसी आइपीएसको अंग भएकोले अलग रहनु पर्छ भन्ने तर्क पनि सुनियो । तर, असंलग्न अभियानकै नेतृत्वकर्ता इन्डोनेशिया लगायत थुप्रै देशमा एमसीसी लागु छ । त्यसो त पछिल्लो पटक प्रकाशित इन्डो प्यासिफिक स्ट्राटेजी रिपोर्टमा एमसीसीबारे उल्लेख भएको पाइँदैन, न त एमसीसीमै इन्डो प्यासिफिक स्ट्राटेजीबारे उल्लेख छ ।

उपरोक्त विवरणहरुले के देखाउँछ भने आइपीएस एउटा रणनीतिको नाम मात्रै हो, जसअन्तर्गत अमेरिकीको हरेक गतिविधि भेटघाट आदि पर्छ । एशिया प्रशान्त क्षेत्रमा रहेका एम्बेसी लगायतका सहयोग नियोगहरु सबै आइपीएस अन्तर्गत पर्दछ । आइपीएसबारे यही अवधारणाका कारण अमेरिकी अधिकारीहरुको जिब्रो चिप्लिएको हुनुपर्छ । एमसीसी र आइपीएसको बीच अन्तर सम्बन्धका बारेमा अमेरिकी सरकारको व्याख्या नै आधिकारिक हुन्छ । यसबारे नेपालले सोधेका ११ बुँदे प्रश्न, अमेरिकाको प्रत्युत्तर र एमसीसीका अधिकारिक दस्तावेजहरूको अध्ययन गर्दा अब विवाद गर्नुपर्ने आवश्यकता छैन ।

- साभार: रातोपाटी

# नेपालको सुरक्षा फौजमा पक्षघात



डा. कृष्ण कुमार तामाङ
उपाध्यक्ष, नेपाल पूर्व सशस्त्र प्रहरी संघ

चिकित्सा शब्दमा 'पक्षघात' मष्तिष्कबाट पठाएको सन्देश अवरोध हुँदा शरीरको कुनै भागले काम नगर्नुलाई भनिन्छ । पक्षघात पूर्ण/आंशिक शरीरको एक वा दुवै छेउमा हुन सक्छ । यस्तो अवस्थामा मांसपेशीको कार्यमा कमी हुन जान्छ । त्यस्तै, फौजी सेवामा प्रवेशदेखि अवकाशसम्ममा विभेद हुँदा सार्वभौम तथा विश्वमा उत्कृष्ट संविधान भएको दाबी गर्ने राष्ट्रलाई 'पक्षघात' हुन सक्छ । विधिविहीन भएर स्वार्थी तत्त्वबाट शासित हुँदा राष्ट्रलाई 'पक्षघात' भएको तर्फ कसैको ध्यान पुग्न सक्दैन । जसका कारण नेपालजस्ता सुन्दर र शान्त मुलुक पनि जर्जर बन्न सक्छन् । देश जर्जर बन्न सघाउने सम्बोधन नभएका केही पक्ष यस्ता छन् ।

**अन्तर्राष्ट्रिय बदनामी रोक्न पहलकदमी गरिएन**

संयुक्त राष्ट्रसंघको शान्ति मिसनका लागि बख्तर बन्द मोटर व्यवस्थापनका क्रममा नेपाल प्रहरीको भ्रष्टाचार काण्ड अन्तर्राष्ट्रिय जगतमा चर्चित बन्न पुगेको खबर कहिल्यै विद्यालय नदेख्ने द्वन्द्वग्रस्त मुलुकको तालिबान बालकलाई थाहा छ । बंगलादेश र भारतमा सुरक्षा फौजलाई आवश्यक पर्ने बन्दोबस्तीका व्यवस्थापन राज्यले गरिदिनाले फौजी संगठनलाई अनावश्यक आलोचना खेप्नुपर्ने गुन्जायस रहँदैन ।

सुडान शान्ति मिसनको भ्रष्टाचार काण्डमा प्रहरी संगठनको स्वामित्वमा रहेको प्रहरी कल्याण कोषको खर्च भएको ४४ करोडमध्ये २८ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठहर गरेको थियो । त्यसमाथि आवश्यक बन्दोबस्तीका सामान अभावमा जोखिम मोलेर द्वन्द्वग्रस्त मुलुकमा काम गर्ने प्रहरीलाई तोकेअनुसार सामान नभएपछि प्रहरी संगठनले लिने गरेको शोधभर्ना राष्ट्रसंघले रोकिदिने चेतावनी दिएको थियो । जसले गर्दा संसदको राज्य व्यवस्था समितिले स्थलगत भ्रमण गरी भ्रष्टाचार भएको रिपोर्ट दिएपछि सुडान प्रकरण जगजाहेर हुन पुगेको थियो । त्यस प्रकरणमा २४ जना प्रहरी अधिकारीसहित ३६ जनालाई २०६८ जेठमा दायर भएको मुद्दामा विशेष अदालतका तत्कालीन अध्यक्ष गौरीबहादुर कार्की र सदस्यहरू ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको फैसलाले ठेकेदार, उनका प्रतिनिधि र तीन पूर्वप्रहरी प्रमुखबाट एक अर्ब १४ करोड रूपैयाँ असुल्नुपर्ने र तीन जना पूर्वप्रहरी प्रमुखमाथि दुई/दुई वर्ष कैद सजायको फैसला भएको थियो ।

संविधानसभा/व्यवस्थापिका संसद्, राज्य व्यवस्था समितिले गठन गरेको नेपाल फर्म्ड पुलिस (सुडान) छानबिन उपसमिति जसमा सांसदहरू संयोजक प्रदीपकुमार ज्ञवाली, सदस्यहरू भीमप्रसाद गौतम, जगदीश नरसिंह केसी, रामजनम चौधरी, लीला न्याइच्याई तथा सदस्य-सचिव मुकुन्द शर्मा सम्मिलितको प्रतिवेदन, २०६६ को सुझावअनुसार संयुक्त राष्ट्र संघको शान्ति स्थापनार्थ संलग्न हुने कार्यका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, बन्दोबस्तीका सामानलगायत अन्य विषयमा लाग्ने विभिन्न निकायका कल्याणकारी कोष वा अन्य श्रोतबाट व्यहोर्ने कार्यलाई तत्काल बन्द गरी सरकारको बजेटबाट उक्त कार्य सम्पादन गर्ने कार्यका लागि आवश्यक रकम खर्च गर्ने र सो वापत संयुक्त राष्ट्रसंघबाट प्राप्त हुने शोधभर्ना रकम (कर्मचारीको तलब, भत्ता, र अन्य सुविधाबाहेक) नेपाल सरकारलाई सिधै प्राप्त हुने व्यवस्था गर्नु उपयुक्त हुने भन्ने अनुच्छेद लागू नगरिनु अनौठो र रहस्यमय बनेको छ ।

अर्थात् राजनीति गर्ने, राज्यसत्ता भागबण्डा गर्ने नेता तथा मन्त्रीहरू आपसमा मिलेर बहुचर्चित शक्तिशाली समितिको प्रतिवेदन तुहाउन सहकार्य गरेको गठबन्धन आजपर्यन्त यथावत रहेको यसबाट पुष्टि हुन्छ । यसैगरी सधैँ प्रहरीलाई भ्रष्टाचारको मोहरा बनाउने क्रमभंग नहुने ? यस्तै भ्रष्ट कारणले शान्ति मिसनमा नेपाल सहभागी हुन नसकेर बंगलादेश, जोर्डन, पाकिस्तान र भारतले प्रतिस्थापन गरेको दुर्भाग्यको जिम्मेवार शीर्षस्थ कमाण्डरको नालायकीपनले संगठन कमजोर र बञ्चित हुँदाको सर्वाधिक पीडा फौजलाई भएको छ ।

**राष्ट्रिय महत्त्वको विषय देखिएन**

एउटै घरका तीन दाजुभाइ १२ कक्षा उतीर्ण भएकालाई निजामती सेवाको सुब्बा, प्रहरीको खरिदार (असइ -प्रहरी सहायक निरीक्षक) र सेनाको अधिकृत (सेकेण्ड लेफ्टिनेन्ट- सहायक सेनानी) हुनुलाई सेवा प्रदायक सम्बन्धित संगठनले आफ्ना पदपूर्ति निम्ति लिइने शैक्षिक योग्यता निर्धारणमा संशोधन आवश्यक नदेख्नुलाई राज्यले विभेद अख्तियारी गरेको भन्न मिल्ने भएन ।

**राज्यले निराकरण खोजेन**

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षकको नियुक्ति सदा विवादित तथा अन्यौलपूर्ण रहनु अशोभनीय हो । सम्भावित प्रत्याशी जो कोही प्रमुख बन्न अस्वस्थ प्रतिस्पर्धा र दलका नेताका शरण चाहार्न चलायमान हुन्छन् । अत: निजामती सेवा तर्फका सचिवलाई नियमित अवकाश जानुअघि राजीनामा बुझाएमा सुनौलो बिदाई (गोल्डेन हेण्ड शेक) बापत एकमुष्ट आकर्षक राशिले स-सम्मान पुरस्कृत गरिने अभ्यास भए जसरी उही मर्यादाक्रमका प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) लाई पनि सो प्रावधान राखिएको अवस्थामा प्रमुख पदको हानथाप स्वत: हट्ने निश्चित प्राय हुन जान्छ ।

सेवा निवृत्त हुनुमा अन्तिम पदको उमेरको हद निजामति, प्रहरी र सेनामा एकरुपता नभएर क्रमश: ६०, ५८, ६१ वर्ष गरिनुलाई पूर्वाग्रहबाहेक अरु पाइँदैन । सुरक्षा फौजका विशेषगरि प्रहरी र सशस्त्र प्रहरी बलमा बढुवा नपाएर विद्यमान यथास्थिति र साबिक दर्जामा कम्तिमा १० वर्ष गुजारेर पनि संगठनले पदोन्नति गर्न नसकेका राष्ट्र सेवकको मनोबल खस्कन नदिन तपसिलका नीति तर्जुमा तर्फ ध्यानाकर्षण हुन जरुरी छ ।

क) शारीरिक तथा मानसिक रूपमा सेवा निवृत्त हुन १५ वर्ष सेवा पूरा भएको राजपत्र अनंकीत दर्जाका इच्छुक कर्मचारीलाई एक तह बढुवामा उपदान दिएर तथा बीस वर्ष पुरा गरेकालाई एक तह बढुवामा निवृत्तिभरण पाउने गरी र २५ वर्ष पूरा भएका राजपत्र अंकित अधिकृत दर्जालाई तीस बर्से सेवाको निवृत्तिभरण पाउने गरी स्वेच्छाले घर जाने बाटो खोलिदिने ।

ख) सेवा विशिष्टीकरण तथा समूह विस्तार गरी बढुवाको मार्ग फराकिलो बनाउने ।

ग) संगठन प्रमुखले अन्यथा नभएसम्म अनिवार्य कार्यकाल अवधि (३ वर्ष) पुरा गर्नैपर्ने बनाउने । निजलाई संगठनको नीति निर्माण तथा कार्यान्वयनका लागि दूरगामी सोच र योजना बनाउने पर्याप्त अवसर दिने ।

घ) आगामी दश वर्षमा संगठनको जनशक्ति कति संख्यामा पुऱ्याउने, मौजुदा जनशक्ति वार्षिक कति अवकाश जाने र पूर्ति गरिँदा कति संख्यामा गरिने विश्लेषण गरी (करिअर प्लानिङ) बढुवा दर कुन दर्जालाई कति गर्ने गणितीय संख्या आकलनको (मेट्रिक्स डेटा एनालिसिस) आधारमा गर्ने । त्यसो नभएकै कारण एकै पटक धेरै संख्यामा बढुवा गर्ने र लगत्तै उक्त दर्जा आवश्यक नभएको भनी फाजिल गर्ने तथा दरवन्दी संख्या कटौती गरी पुन: थप गर्ने हचुवा प्रवृत्ति विगतदेखि वर्तमानको अतिरिक्त महानिरीक्षकको थपघट गर्ने सन्दर्भ हाँस्यास्पद उदाहरण प्रस्तुत भएका छन् ।

दुवै संगठनमा सकल दर्जाको बढुवामा अस्वाभाविक असीमित ढिलाइ, पीडितहरूको भविष्य अन्यौल र अनिश्चितता यथाशीघ्र हल नगरे कार्य सम्पादन, गुणस्तर तथा अनुशासनमा दुर्घटना निम्त्याउने उच्च जोखिम जीवन्त रहन्छ । नेपालको इतिहासमा धेरै मन्त्री आए/गए भए । तर, प्रेम आले, लालबाबु पण्डित, र गोकर्ण विष्ट तथा कुलमान घिसिङजस्ता सुधारवादी हस्तीको आविर्भाव हुन गृह मन्त्रलायले कतिञ्जेल पर्खन पर्ने हो ? ठोस उत्तर छैन ।

- साभार: फरकधार

# लामो विवाद र छलफलपछि निष्कर्षको बाटोमा एमसीसी



काठमाडौँ (रासस)/ प्रमुख राजनीतिक दलबीत सहमति हुन नसक्दा विवादमा परेको अमेरिकी सहयोग परियोजना (एमसीसी) सम्झौता अन्तत: निष्कर्षतर्फ केन्द्रित भएको छ । यद्यपि विवाद र असहमति भने कायमै छ । संघीय संसद्बाट पारित भएपछि यसको कार्यान्वयनको प्रक्रिया अगाडि बढ्नेछ । नेपालको ऊर्जा क्षेत्रको विकासका लागि महत्वपूर्ण मानिएको प्रसारण लाइन निर्माणका लागि यो परियोजना अर्को कोसेढुंगा बन्ने जानकारहरूको भनाइ छ ।

प्रतिनिसिभामा दर्ता भएको दुई वर्ष आठ महिनापछि टेबल भएको हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका अर्थमन्त्री डा युवराज खतिवडाले २०७६ असार ३० गते संघीय संसद्मा सो सम्झौता दर्ता गरेका थिए । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको रायका आधारमा डा खतिवडाले सम्झौता दर्ता गराएका थिए ।

तत्कालीन सरकारका प्रधानमन्त्री ओलीले सम्झौता पारित गराउनका लागि प्रयास गरेको थियो । यसबीचमा अनेकन राजनीतिक घटनाक्रम विकास भयो । प्रतिनिधिसभा दुई/दुई पटक विघटन भयो । सर्वोच्च अदालतको गत असार २८ गतेको परमादेशका आधारमा नयाँ सरकार गठन भयो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँच दलीय गठबन्धनका तर्फबाट सरकारको नेतृत्व गरे । अमेरिकी सहयोग परियोजना एमसीसीका सम्बन्धमा राजनीतिक दलका बीचका मतैक्यता भने कायम हन सकेको थिएन ।

तत्कालीन नेकपाकै सरकार रहँदासमेत यस विषयमा तीव्र विवाद थियो । पूर्वप्रधानमन्त्री झलनाथ खनालको संयोजकत्वमा कार्यदल बनाएर सो सम्झौताका बारेमा अध्ययन भएको थियो । वर्तमान गठबन्धन सरकार गठन भएपछि पूर्वप्रधानमन्त्री खनालकै संयोजकत्वमा कार्यदल गठन गरियो र सहमतिको प्रयत्न गरियो । गठबन्धनमै सहमति जुटाउन भरमग्दुर प्रयास भए । अनेकन कोणमा यस सम्झौताको बारेमा छलफल भयो ।

अन्तत: आइतबारको संसद् बैठकमा सम्झौता टेबल गर्ने सहमति भयो । प्रधानमन्त्री निवास बालुवाटारमा बिहान १० बजे बसेको गठबन्धनको बैठकमा सम्झौता टेबल गर्ने र दलका आ-आफ्ना अडान पनि कायम राख्ने सहमति भएको थियो । यसको अर्थ सम्झौता अगाडि बढाउने भन्नेमा सत्तारूढ गठबन्धनमा सहमति कायम भयो भन्ने नै हो । सो बैठक लगत्तै संघीय संसद् भवन नयाँ बानेश्वरमा ११ बजे कार्यव्यवस्था परामर्श समितिको बैठक बस्यो । बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले सत्तारूढ गठबन्धनको बैठकमा भएको सहमतिका बारेमा जानकारी गराए । बैठकमा गृहमन्त्री बालकृष्ण खाँडलगायत प्रमुख राजनीतिक दलका प्रमुख सचेतक र सचेतक उपस्थित थिए । बैठकमा नेकपा (माओवादी केन्द्र)का तर्फबाट प्रमुख सचेतक देवप्रसाद गुरुङ र सांसदहरू रेखा शर्मा तथा जयपुरी घर्तीले असहमति राखे । उनको तर्क थियो “प्रमुख प्रतिपक्षीको अवरोध जारी रहेको, एमसीसीका केही प्रावधान संशोधन गर्नुपर्छ ।”

कार्यव्यवस्था परामर्श समितिको बैठकले एमसीसी टेबल गर्ने सहमति गऱ्यो । एक बजेका लागि बोलाइएको बैठक करिब आधार घण्टा ढिला गरेर सुरु भयो । प्रतिनिधिसभाको बैठकमा ‘लोक सेवा आयोग विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबल गर्ने र प्रधानमन्त्री शेरबहादुर देउवाले ‘राष्ट्रिय समावेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन आव २०७७/७८ पेस गर्ने कार्यसूची पनि थियो । प्रमुख प्रतिपक्षी नेकपा (एमालेले)ले आइतबारको बैठकमा पनि नाराबाजी गरिरहेकै थियो ।

बैठक सुरु भएपछि माओवादीका प्रमुख सचेतक गुरुङले एमसीसीका केही प्रावधान संशोधन गर्नुपर्ने, सदनमा अवरोध जारी रहेकाले त्यसको समाधान हुनुपर्नेलगायतका धारणा राख्दै विरोध जनाए । संसद् अवरुद्ध भइरहेको अवस्थामा संसद्मा महत्वपूर्ण विषयमाथि छलफल हुन नसक्ने र एमसीसीका राष्ट्रिय हित विपरीतका प्रावधान संशोधन गरेर मात्र सहमतिका आधारमा अगाडि बढाउनपर्ने आफ्नो पार्टीको धारणा रहेको उनको भनाइ थियो ।

नेकपा (एमाले)का नेता एवं सांसद भीम रावलले नेपालको संविधान र कानुनमाथि आघात पर्ने एमसीसी सम्झौताको केही प्रावधानका बारेमा राजनीतिक दलका बीचमा सहमति नभई यो कसरी टेबल भयो भनी प्रश्न गरेका थिए । लामो समयदेखि संसद् अवरोध गरिरहेको एमालेका तर्फबाट रावलले आइतबार संसदीय प्रक्रियामा सहभागी भई आफ्नो मत राख्दा उनकै दलका अन्य सांसद भने विरोधमा थिए । नेपाल मजदुर किसान पार्टीका सांसद सुवालले एमसीसी सम्झौताका कतिपय प्रावधान नेपालको हितविपरीत भएकाले संसद्बाट अनुमोदन गरिनु नहुने बताए । उनले एमसीसी सम्झौताका बारेमा बृहत् राजनीतिक सहमति नभएकाले सो सम्झौता अगाडि बढाउन नमिल्ने तर्क गरे । राष्ट्रिय जनमोर्चाका सांसद पौडेलले एमसीसी परियोजना राष्ट्रिय हितमा नभएको भन्दै यसलाई खारेज गरिनुपर्ने बताए । उनले विदेशीको दबाबमा अगाडि बढाउने प्रयत्न भए पनि यसले राष्ट्रिय हित नगर्ने भनी विरोध गरे ।

विरोधका बीचमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई सभामुखले सम्झौता टेबल गर्न अनुमति दिए । त्यसपछि बैठक स्थलमा सत्तारूढ दलकै सांसद र विपक्षी दलका सांसदले पनि विरोध जनाए । सोही समयमा बानेश्वर अगाडिको सडकमा पनि एमसीसीको विपक्षमा विरोध हुँदा सडक आवागमन अवरुद्ध भएको थियो । प्रहरी र प्रदर्शनकारीबीच ठेलमठेल भएको थियो । प्रहरीले पानीको फोहोरा प्रहार गरेको थियो ।

नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नेबारे प्रतिनिधिसभामा प्रस्ताव प्रस्तुत गर्दै मन्त्री कार्कीले सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा रहने भएको हुँदा सरकारले विगतमा गरेका कुनै पनि निर्णयको पालना गराउनु र निष्कर्षमा पुऱ्याउनुपर्ने दायित्व वर्तमान सरकारको हुने यथार्थ जानकारी गराए । उनले प्रस्ताव पेस गर्दै भने, “नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनता अक्षुण्ण र अउल्लंघनीय रहेको राष्ट्रिय प्रतिबद्धता प्रकट गर्दै, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्न पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताअनुसार कुनै सैन्य संगठनमा सामेल नहुने नेपालको पररष्ट्र नीतिको परम्परालाई आत्मसात् गर्दै, उक्त प्रस्ताव अनुमोदन गरिदिनुहुन म यस सम्मानित सदनसमक्ष प्रस्ताव गर्दछु ।”

सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम, मन्त्रिपरिषद्को २०७५ माघ २५ गतेको बैठकले एमसीसी अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नका लागि संघीय संसद्मा पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको थियो ।

नेपालको संविधानको धारा, २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा खतिवडाले संसद्मा प्रस्ताव पेस गरेको थियो ।

सरकार र एमसीसीबीच २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्नेछ । सम्झौता कार्यान्वयन जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने भनी कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएको थियो ।

यो सम्झौतामा हस्ताक्षर हुनुअघि गरिएको अध्ययनले विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्य १० लाख जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरेको थियो । यी परियोजनाहरूबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन् ।

**यस्तो छ घटनाक्रम**

सरकार र एमसीसीबीच २०७४ भदौ २९ मा अनुदान सहायतामा हस्ताक्षर भएको हो । एमसीसीसँग २०६८ माघ ५ गते थ्रेसहेल्ड कार्यक्रम छनोट भएको हो । त्यतिबेला डा बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री थिए । यस्तै, २०७० पुसमा विकासका अवरोध पहिचानका लागि विज्ञ समूह गठन भई प्रसारण लाइन र सडक निर्माणका लागि आग्रह गरियो ।

एमसीसीबाट अनुदान लिन तत्कालीन खिलराज रेग्मी नेतृत्वको सरकारले आवेदन दिएको थियो । सोही आवेदनका आधारमा एमसीसीले २०७१ माघमा नेपाललाई अनुदान सहायता दिने निर्णय गरेको थियो । त्यस्तै, २०७३ साउन ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले एमसीसी कम्प्याक्टको मस्यौदा तयार पारेर प्राविधिक सहायता स्वीकार गर्ने निर्णय गरेको हो ।

त्यसपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र अर्थमन्त्री कृष्णबहादुर महराले २०७४ जेठ १८ गते अनुदान सहायतासम्बन्धी स्फ्भौताको अन्तिम रुप दिन द्विपक्षीय वार्ता टोली गठन भएको थियो । हालका प्रधानमन्त्री शेरबहादुर देउवाको अघिल्लो कार्यकालयमा मन्त्रिपरिषद्ले २०७४ साउन १० गते एमसीसीसँग सम्झौताका लागि स्वीकृति दियो ।

तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका प्रमुख कार्यकारी अधिकृत जोनाथन जि नाशबीच २०७४ भदौ २९ गते अमेरिकाको वासिङ्टन डिसीमा एमसीसी सम्झौतामा हस्ताक्षर भयो ।

तत्कालीन नेकपाका तर्फबाट प्रधानमन्त्री रहेका ओली नेतृत्वको सरकारका अर्थमन्त्री डा खतिवडाले २०७५ पुस १३ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई राय माग्दै सम्झौता संघीय संसद्बाट अनुमोदन गर्नुपर्ने वा नपर्ने विषयमा पत्राचार गरे । सोही पत्राचारअनुसार २०७५ पुस २६ गते सम्झौताको धारा, ७ को प्रावधानअनुसार प्रतिनिधिसभाको सामान्य बहुमतबाट सम्झौता अनुमोदन गर्नु उपयुक्त हुने राय दिइयो ।

यस्तै, २०७५ असोज ६ गते एमसीसी परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राख्ने निर्णय भयो । तत्कालीन प्रधानमन्त्री ओली र अर्थमन्त्री डा खतिवडाले २०६८ असार ३१ गते एमसीसीसँगको सम्झौता अनुमोदनका लागि संघीय संसद् सचिवालयमा प्रस्ताव दर्ता भयो ।

यसैगरी २०७६ असोज १२ गते नेपाल र एमसीसीबीच परियोजना कार्यान्वयनको सम्झौता भयो भने २०६७ असोज २५ र २६ गते भारतमा भएको नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठकले न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर भयो र त्यसको जानकारी असोज २८ गते दिइयो ।

# ठमेललगायत क्षेत्रमा पर्यटकीय गतिविधि बढ्यो

काठमाडौँ (रासस)/ संघीय राजधानी काठमाडौँको प्रमुख पर्यटकीय क्षेत्र ठमेललगायत नेपालका विभिन्न क्षेत्रमा पर्यटकीय गतिविधि बढ्न थालेका छन् ।

विश्वव्यापी रूपमा फैलिएको तेस्रो चरणको ओमिक्रोन भाइरसका कारण ठप्पजस्तै रहेको ठमेललगायत देशभरका पर्यटकीय गन्तव्यमा विस्तारै चहलपहल बढ्न थालेको हो । बढ्दो ओमिक्रोन भाइरसका कारण सरकारले रात्रिकालिन व्यवसायमा बन्देज लगाएसँगै सुनसान रहेको ठमेल यही फागुन १ गतेदेखि पुन: रात्रिकालिन व्यवसाय सञ्चालनमा खुला गरिँदा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको हो ।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष भविश्वर शर्मा कोरोनाको संक्रमणदर कम र रात्रिकालीन व्यवसाय सुरु भएसँगै ठमेलमा पर्यटकीयगतिविधि बढेको बताउँछन् । “ठमेलका गल्लीहरूमा विस्तारै विदेशी पर्यटक देख्न थालिएको छ”, उनी भन्छन् । यहाँ ८० प्रतिशत व्यापार बाह्य पर्यटकबाट र २० प्रतिशत व्यापार आन्तरिक पर्यटकबाट हुने गरेको छ । ठमेल क्षेत्रमा एक हजार भन्दा बढी होटल रहेका छन् ।

ठमेलमा कोरोनाकै बीचमा सञ्चालनमा आएको चारतारे होटल रमदा इन्कोरका महाप्रबन्धक महेश फुँयाल ठमेलमा पर्यटकीय गतिविधि विस्तारै बढ्दै गएको बताउँछन् । “एक महिना पहिलेभन्दा अहिले होटलमा आउने स्वदेशी तथा विदेशी पाहुना बढेका छन्”, उनी भन्छन् । अब विस्तारै नेपालको पर्यटन क्षेत्रले गति लिने उनको अपेक्षा छ ।

बौद्धनाथ क्षेत्र विकास समितिका सचिव बसन्त लामा पछिल्लो समय बौद्ध क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको बताउँछन् । “शुक्रबार र शनिबार आन्तरिक पर्यटकको घुइँचो लाग्ने गर्दछ, विदेशी पर्यटक पनि फाट्टफुट्ट आउन थालेका छन्”, उनी भन्छन् । कोरोनाको तेस्रो लहरका कारण बन्द रहेको बौद्धनाथ क्षेत्रभित्रको मण्डला परिसर भने हालसम्म पनि नखोलिएको सचिव लामा बताउँछन् । कोरोनाको समय अगाडि ठमेलमा रात्रिकालीन मनोरञ्जन गर्ने प्रत्येक दिन खचाखच नै हुन्थे । अझ शुक्रबार र शनिबार थप चहलपहल हुँदै आएको थियो ।

व्यावसायिक घराना, पारिवारिक जमघटदेखि युवा पुस्ताको रात्रिकालीन जीवनशैलीसँग जोडिएको ठमेलका क्लब पुन:व्यावसायिक बाटोमा आउने पर्खाइमा छन् । ठमेल क्षेत्रमा छ हजारभन्दा बढी व्यक्तिले व्यापार व्यवसाय गर्दै आएका छन् । ट्रेकिङ एजेन्सीज् एशोसियशन अफ नेपाल (टान)का पूर्व उपाध्यक्ष निलहरि बाँस्तोला कोरोनाले थलिएको पर्यटन क्षेत्रलाई पुनर्जिवन दिनका लागि सरकारले विशेष पहल गर्नुपर्ने बताउँछन् । “विश्व सम्पदा सूचीमा रहेका नेपालका पर्यटकीय क्षेत्रलाई व्यवस्थित गरेर जतिसक्दो पर्यटक भित्र्याएर राज्यले फाइदा लिनुपर्छ”, उनी भन्छन् ।

नेपाल पर्यटन बोर्डका अधिकृत कविन्द्र भट्ट जनवरीमा मात्र हवाई मार्ग भएर १६ हजार ९७५ विदेशी पर्यटक नेपाल भित्रिएको बताउँछन् । “कोरोनाको तेस्रो लहर तीव्र गतिमा बढिरहेको बेला एक महिनामा झण्डै १७ हजार पर्यटक भित्रिनु नेपालको पर्यटन उद्योगका लागि खुशीको कुरो हो”, उनी भन्छन् । गतवर्ष उक्त महिनामा नेपालमा जम्मा आठ हजार ८७४ विदेशी पर्यटक भित्रिएका थिए ।

बोर्डका अनुसार जनवरीमा भित्रिनेमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । उक्त महिना भारतबाट तीन हजार ९१६, बंगलादेशबाट एक हजार २३१, युरोपबाट तीन हजार ५२७, एसिया तथा अन्य मुलुकबाट एक हजार ११४, अमेरिका र क्यानाडाबाट तीन हजार ६१८, अष्ट्रेलिया र न्यूजिल्याण्डबाट एक हजार २४० तथा अन्य मुलुकबाट एक हजार ९७५ पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) डा धनन्जय रेग्मी पछिल्लो समय नेपालमा विदेशी पर्यटक आउने क्रम बढेको बताउँछन् । “कोरोनाबाट थलिएको नेपालको पर्यटन क्षेत्रले विस्तारै गति लिँदै गएको छ, अब विस्तारै पर्यटकीय गतिविधि बढ्दै जान्छ”, उनी भन्छन् ।

विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको यो सुधारले पर्यटन क्षेत्रलाई केही हदसम्म सकारात्मक ऊर्जा प्रदान गरेको सिईओ रेग्मीको भनाइ छ । झण्डै दुई वर्षदेखि थला परेको नेपालको पर्यटन उद्योगलाई अगाडि बढाउनका लागि नेपाल पर्यटन बोर्डले विभिन्न कार्यक्रम अगाडि बढाएको छ ।

बोर्डका सिईओ रेग्मी नेपालको पर्यटन क्षेत्रको विकासमा भारतीय पर्यटकको ठूलो भूमिका रहेको उल्लेख गर्दै बोर्डले भारतीय पर्यटक लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्न लागेको बताउँछन् । विभिन्न नाका हुँदै नेपाल भित्रिने भारतीय पर्यटकलाई गृह मन्त्रालयले सहज रूपमा भित्रिने वातावरण निर्माण गरे नेपालमा भारतीय पर्यटकको संख्या अझै बढ्ने उनको भनाइ छ । नेपाल भित्रिने भारतीयलाई नाकामा गरिने व्यवहारमा सुधार ल्याउनुपर्ने उनको भनाइ छ ।

नेपाल पर्यटन बोर्डका अनुसार नेपालमा सन् २०१९ मा ११ लाख ९७ हजार १९१, सन् २०२० मा दुई लाख ३० हजार र सन् २०२१ मा एक लाख ५० हजार ९६२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

# लोकतन्त्र अध्ययन केन्द्रद्वारा चार जना सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ राष्ट्रिय प्रजातन्त्र दिवसको अबसरमा सामाजिक लोकतन्त्र अध्ययन केन्द्र मकवानपुरले चार जनालाई सम्मान गरेको छ ।

मकवानपुरको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याएका २ जना र सामाजिक क्षेत्रमा क्रियाशील २ गरी चार जनालाई केन्द्रले सम्मान गरेको हो । शिक्षा क्षेत्रमा योगदानको गदर गर्दै डा. गणेश बल लामा र चित्रलेखा उपाध्याय तथा सामाजिक क्षेत्रमा सक्रिय भएकाहरु बासुदेव श्रेष्ठ र बिनोदचन्द्र कोइरालालाई केन्द्रले सम्मान गरेको हो । कार्यक्रमको अबसर पारेर भीमसेन महतको नेतृत्वमा ११ सदस्यीय क्रान्ति नायक सुवर्ण शम्शेर स्मृति मकवानपुर गठन गर्ने निर्णय गरिएको केन्द्रकी सचिव सर्मिला श्रेष्ठले जानकारी दिइन् ।

केन्द्रले प्रजातन्त्र दिवसको अबसरमा ‘जनसमर्थनको लागि नेतृत्वमा अन्तरनीहित निष्ठा र आदर्श’ विषयक बिचार प्रवाह तथा कृति सार्वजनिकीकरण कार्यक्रम गरेको छ । कांग्रेस मकवानपुरका महाधिवेशन प्रतिनिधि निशान बजगाईं ‘ताराचन्द्र’को संयोजनमा प्रकाशित स्वर्गीय वीपी कोइरालाको ‘प्रजातन्त्र नभए देश रहँदैन’ नामक पुस्तक लोकापर्ण गरिएको थियो ।

कांग्रेस नेता सोभाकर पराजुलीको प्रमुख आतिथ्यता तथा केन्द्रका अध्यक्ष कृष्ण दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको छ । कार्यक्रममा कांग्रेस मकवानपुरका कार्यवाहक सभापति विष्णुप्रसाद लामिछाने, नेतृ उमा दाहाल, प्रवक्ता प्रदीप कोइरालालगायतको आतिथ्यता थियो ।

# भेट्रान्स क्लबद्वारा ट्र्याक सुट

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ खेलकुद गतिविधिमा सक्रिय हेटौंडा भेट्रान्स क्लब सामाजिक परोपकारका क्षेत्रमा पनि सक्रिय भएको छ । हेटौंडा भेट्रान्स क्लबले विपन्न विद्यार्थीलाई सहयोग गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१५, रातोमाटेमा रहेको जनजागृति माध्यमिक विद्यालयमा १ कक्षादेखि ५ कक्षासम्म अध्ययनरत चेपाङ तथा विपन्न परिवारका विद्यार्थीलाई कपड सहयोग गरिएको हो । आइतबार बिहान क्लबका पदाधिकारी विद्यालयमै पुगेर ५५ जना विद्यार्थीलाई ट्र्याक सुट वितरण गरिएको हो ।

हेटौंडा-१५ का वडा अध्यक्ष महारत्न लामाको प्रमुख आतिथ्यता तथा क्लबका उपाध्यक्ष नवराज बज्राचार्यको सभाध्यक्षता सहयोग हस्तान्तरण कार्यक्रम भएको छ । क्लबका सदस्य कविन सांगामीको संयोजकत्वमा भेट्रान्स क्लबले विपन्न विद्यार्थीलाई ३३ हजार रुपियाँ बराबरको ट्र्याक सुट उपलब्ध गराएको हो ।

# किसानलाई गोबर खरिदमा अनुदान



चितवन (रासस)/ जिल्लाको रत्ननगर नगरपालिकाले किसानलाई गोबर मल खरिदमा ५० प्रतिशत अनुदान दिएको छ ।

प्रांगारिक खेतीप्रति किसानलाई जागरुक बढाउन नगरपालिकाले अनुदान दिन सुरु गरेको हो । मलमा अनुदान दिन नगरपालिकाले ५० लाख विनियोजन गरेको छ । नगर क्षेत्रमा एक टेलर मलको तीन हजार देखि तीन हजार ५०० सम्म पर्ने गरेको छ । नगरपालिकाले एक टेलर मल खरिदमा एक हजार ५०० उपलब्ध गराउने भएको छ । एक बिघा जग्गा क्षेत्रफल हुने किसानले चार टेलरको अनुदान पाउने छन् ।

एक बिघा जग्गाका लागि गोबर मल खरिद गर्न किसानले ६ हजार अनुदान रकम पाउने नगर प्रमुख नारायण वनले बताए । नगरपालिकामा सूचीकृत भएका पशुपालन फार्मबाट किसानले गोबर मल खरिद गर्नुपर्ने छ । त्यसका लागि अहिलेसम्म १० वटा पशुपालन फार्म सूचीकृत भएका छन् । वनले रासायनिक मलको प्रयोग घटाउन गोबर मल खरिदमा अनुदान दिएको बताए । उनले भने, “हामीले किसानलाई अनुदानमा गाई दिएका छौँ, पशुपालनलाई कृषिसँग जोडेर उत्पादन बढाउने हाम्रो लक्ष्य हो ।”

अन्नबालीमा रासायनिक मलको प्रयोगका कारण प्राणघातक रोगको शिकार हुनुपरेको भन्दै अर्गानिक उत्पादन गरेर स्वास्थ्य सुरक्षा गर्ने अर्को उद्देश्य रहेको उनको भनाइ छ ।

नगर उपप्रमुख विमला दुवाडीले बाली लगाउने बेला हुने मलको हाहाकारबाट किसानलाई मुक्ति दिलाउन गोबर मलमा अनुदान दिएको जानकारी दिए ।

उनले भने, “एकातिर गोबर नबिक्ने, अर्कातर्फ खेती गर्ने किसानले मल नपाउने समस्या छ, यसले समस्या समाधान हुन्छ ।”

नगरपालिकाले कृषि क्षेत्रका विविध शीर्षकमा अनुदान दिँदै आएको छ । यसअघि गाई खरिद, दूध, मेसेरेनरी, सिँचाइलगायतमा अनुदान दिँदै आएको छ ।

## मोटरसाइकल चोरी गर्ने एक पक्राउ

काठमाडौँ (रासस)/ नेपाल प्रहरीले तीनवटा मोटरसाइकल चोरी गर्ने एकजनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको टोलीले काठमाडौँ महानगरपालिका-३२ नरेफाँट सत्य साइँबाबा मन्दिर नजिकबाट काठमाडौँ बानेश्वरका २१ वर्षीय पुल्कित ठकुरीलाई शुक्रबार राति पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

महानगरीय प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जाँचका क्रममा बा ९२ प ३८ लेखिएको बुलेट मोटरसाइकलको अगाडि पछाडिको अंक टेपले छोपेर हिँडिरहेको अवस्थामा ठकुरीलाई पक्राउ गरिएको जानकारी दिए । “पक्राउ परेका ठकुरीसँग आवश्यक अनुसन्धानका क्रममा अन्य दुईवटा मोटरसाइकलसमेत चोरी गरेको भेटिएको छ”, उनले भने ।

पक्राउ परेका ठकुरीसँग प्रहरीले पल्सर र एभेन्जर मोटर साइकलसमेत बरामद गरेकोछ । प्रहरीले ठकुरीलाई मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद-२० अन्तर्गत दफा २४१ को ‘चोरी गर्न नहुने कसूर’ मुद्दामा म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताए ।

# कोभिड प्रभावितलाई राहत वितरण सुरु

काठमाडौं (रासस)/सरकारले कोभिड-१९ का कारण रोजगारी गुमाएका परिवारलाई राहत वितरण सुरु गरेको छ । गत असोजमा नै चाडपर्वको अवसरमा प्रदान गरिने भनिएको राहत विभिन्न कारणले वितरणमा ढिलाइ भएको थियो ।

स्थानीय तहबाट गरिब घरपरिवारको विवरण आउनासाथ राहत वितरण सुरु गरिएको अर्थ मन्त्रालयले जनाएको छ । सरकारले राहत वितरणको सम्पूर्ण जिम्मा स्थानीय तहलाई दिएको छ । स्थानीय तहले नै गरिब घरपरिवारको पहिचान गरी प्रतिघरपरिवार दश हजार दिन सुरु गरेको मन्त्रालयअन्तर्गतकोवित्तीय संघीयता समन्वय महाशाखा प्रमुख सहसचिव बाबुराम सुवेदीले जानकारी दिए ।

उनका अनुसार स्थानीय तहबाट विवरण आएसँगै काठमाडौँ महानगरपालिकालगायतका स्थानीय तहले राहत वितरण सुरु गरिसकेका छन् । “स्थानीय तहबाट राहत वितरणको विवरण आउन ढिलाइ हुँदा रोकिएको हो । केही तहबाट विवरण आएपछि हामीले राहत वितरण गर्न दिर्नेशन दिइसकेका छौँ”, उनले भने, “विवरण आएका सबै स्थानीय तहमा वितरण सुरु भइसकेको छ । अन्यको विवरण आएलगतै वितरण सुरु हुन्छ ।” उनका अनुसार २० भन्दा बढी स्थानीय तहले राहत वितरण सुरु गरिसकेका छन् भने अन्य प्रक्रियामै छन् । गत असोज महिनामा नै अर्थ मन्त्रालयले प्रतिघर परिवार राहतस्वरुप एक पटकका लागि दश हजार वितरण गर्नका लागि ७५३ वटै स्थानीय तहको खातामा रकम जम्मा गरिसकेको थियो । मन्त्रालयले सबै तहका गरी करिब पाँच लाख परिवारलाई राहतमा समावेश गर्न भन्दै पाँच अर्ब बजेट विनियोजन गरेको थियो ।

गत कात्तिकमा नै कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ गत मन्त्रिरिषद् बैठकबाट स्वीकृति भएको थियो । मन्त्रिपरिषद्ले स्वीकृत गरेको सो कार्यविधि अर्थमन्त्रालयले कात्तिक १५ गते राजपत्रमा सूचना प्रकाशन गरेसँगै कार्यक्रम कार्यान्वयनको बाटो खुलेको थियो । गत कत्तिकमा नै राहत वितरणको बाटो खुले तापनि स्थानीय तहले राहत वितरणको विवरण संकलन लगायतका काम गर्दा वितरणमा ढिलाइ भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मानव अधिकार उल्लङ्घनमा पुरुष र ज्यादतीमा महिला बढी पीडित

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ बागमती प्रदेशमा मानवअधिकार उल्लङ्घन घटनामा पुरुष र ज्यादतीसंग सम्बन्धित घटनाहरुमा महिला बढी पीडित हुने गरेको पाइएको छ । अनौपचारिक सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा त्यस्तो पाइएको हो ।

इन्सेकको तथ्याङ्क अनुसार सन् २०२१ मा बागमती प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा कूल एकहजार एकसय ८३ जना पीडित भए । जसमध्ये मानव अधिकार उल्लङ्घनका घटनामा ३४ महिला र दुईसय ४९ पुरुष तथा ज्यादतीका घटनामा आठसय ४२ महिला र ४८ जना पुरुष पीडित भएका छन् । यो संख्या गतवर्षभन्दा ८१ जनाले बढी हो ।

यसवर्ष राज्यपक्षबाट हिरासतमा रहेका एक जना पुरुष र कारागारमा ५७ जनाको मृत्यु भयो जसमध्ये पाँच जना बन्दीको कोभिड-१९ संक्रमणबाट मृत्यु भएको हो । साथै गिरफ्तारीका घटनामा १० जना, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकारमा ३४ जना महिला र एकसय ८१ जना पुरुष गरी दुईसय १५ जना पीडित भए । सन् २०२० मा भने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा एकहजार ९२ जना पीडित भएका थिए । जसमा राज्यपक्षबाट दुईसय ३८ जना र अन्य पक्षबाट आठसय ५४ जना पीडित भएका थिए ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयले शनिबार हेटौंडा आयोजना गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२ को सार्वजनिकीकरण कार्यक्रममा उच्च अदालत पाटन हेटौंडा इजलासका न्यायाधीश मेरिना श्रेष्ठले न्यायपूर्ण र समुन्नत समाज निर्माणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रभावकारी माध्यम बनेको बताइन् ।

न्यायाधीश श्रेष्ठले समाजमा भएका घटनाहरूको संकलन र न्याय प्राप्तिका सवालहरूका विषयमा तयार पारेको वर्ष पुस्तकले राज्यलाई न्यायपूर्ण समाज निर्माणका लागि योजना बनाउन सहयोगी बन्ने बताएकी हुन् ।

तीन दशकदेखि निरन्तर प्रकाशन हुँदै आएको वर्ष पुस्तकले नेपाली समाजको चित्रण गराउने भन्दै न्यायाधीश श्रेष्ठले राज्यको तीनवटै तहले मानव अधिकारको संरक्षण र सम्बर्द्धनका सवालमा गरेका प्रतिबद्धताहरू के-कति पूरा गरे गरेनन् भन्ने 'वाच डग' को काम गर्ने बताइन् । यस्तै, उनले इन्सेकको वर्ष पुस्तक राज्यको नीति निर्माणका लागि प्रभावकारी हुने बताइन् ।



मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै उच्च अदालत पाटन हेटौंडा इजलासका न्यायाधीश मेरिना श्रेष्ठ । तस्वीर: साझाकुरा

इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले प्रदेशको मानव अधिकारको अवस्था र प्रदेशका प्रमुख सरोकारका विषयहरू, कोभिड १९ को संक्रमण र मानव अधिकारको अवस्था, बाल अधिकार, महिला अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायत विषयमा इन्सेकले गर्दै आएको गतिविधिका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा इन्सेक बागमती प्रदेशका प्रलेख अधिकृत गणेश भण्डारीले प्रदेशको बाल अधिकार, महिला अधिकार लगाएत समग्र प्रदेशको मानव अधिकार उल्लङ्घनका घटनाहरूका बारेमा तथ्याङ्क प्रस्तुत गरेका थिए । गैसस महासंघ बागमती प्रदेश उपाध्यक्ष आरती पाठकले मानव अधिकार उल्लङ्न तथा ज्यादतीका घटना बढ्नुमा राज्यको भूमिका कमजोर भएको औंल्याइन् । वर्ष पुस्तकलाई केवल एक सामान्य पुस्तकको रुपमा मात्र लिन नहुने भन्दै घटना न्यूनिकरण राज्यको प्रमुख दायित्व हुने र मानव अधिकारको संरक्षणमा राज्यले भूमिका खेल्नुपर्ने बताइन् ।

कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक खड्गबहादुर खत्री, शिक्षाका लागि साझा अभियान कोक्यापका कोषाध्यक्ष अर्जुन ढकाल, जिल्ला प्रहरी कार्यालय मकवापनुरका प्रहरी निरीक्षक चुडाकुमारी खड्का, इन्सेक हेटौंडा उपमहानगर पालिकाअन्तर्गत्को मानव अधिकार समूहका संयोजक चन्द्रावती पनेरु, नेपाल मानव अधिकार संगठन बागमती प्रदेश संयोजक अप्सरा बस्नेत, शिक्षाका लागि राष्ट्रिय अभियानका बागमती प्रदेश संयोजक प्रकाश खतिवडा, अधिवक्ताहरू मदन दाहाल र मनप्रसाद भट्टराई, अधिकारकर्मीहरू दीपेन्द्र पाठक र जगन्नाथ सुवेदीलगायतले इन्सेकको वर्ष पुस्तकले समाजको अवस्थाबारे चित्रण गरेको बताए ।

यसैबीच, पुस्तक सार्वजनिकीकरण कार्यक्रममा २०२१ मा मानव अधिकार अभिलेख र पैरवीका लागि बागमती प्रदेशमा उत्कृष्ट कार्य गर्ने इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबाबु धितालालाई नगद ७ हजार सहित सम्मानपत्रबाट पुरस्कृत गरिएको थियो ।

## एमसिसी सदनमा टेबल गर्दै सरकारले भन्यो-

# 'समयमै अनुमोदन गरी लाभ प्राप्त गरौं'

काठमाडौं, (रासस)/ सञ्चार तथा सूचनाप्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बीच भएको अनुदान सहायता सम्झौता'लाई जनप्रतिनिधिबाट संवैधानिक व्यवस्थाअनुरूप अनुमोदन हुन आवश्यक रहेको बताएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा एमसीसी सम्झौता टेबल गर्दै उनले विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न यसलाई अनुमोदन गरी सहयोग गर्न आग्रह गरे । अमेरिकी सहयोग निकाय एमसीसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डहरूको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित रहेको उनले सदनलाई जानकारी गराए ।

नेपाल सरकार र एमसीसीबीच २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्नेछ । मन्त्री कार्कीले सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधि सभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएको हुँदा यो सम्झौता अनुमोदनका लागि प्रस्ताव गरिएको सदनलाई जानकारी गराए ।

**मन्त्री कार्कीद्वारा नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नेबारे प्रतिनिधिसभामा प्रस्तुत प्रस्तावको पूर्णपाठ यसप्रकार छ:**

*सम्माननीय सभामुख महोदय,*

सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७५/१०/२५ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय 'मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नका लागि संघीय संसद्मा पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेअनुरूप नेपालको संविधानको धारा २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले सम्मानित संसद्समक्ष प्रस्ताव पेश गर्नुभएको माननीय सदस्यहरूलाई विदितै हुनुपर्दछ । साथै, माननीय सदस्यज्यूहरूले यस विषयमा अध्ययन गरी विभिन्न समयमा आफ्नो भनाइ राख्दै आउनुभएको छ । सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा रहने भएको हुँदा नेपाल सरकारले विगतमा गरेका कुनैपनि निर्णयको पालना गराउनु र निष्कर्षमा पुऱ्याउनुपर्ने दायित्व वर्तमान सरकारको हुने यथार्थलाई मनन् गरी नेपालको संविधानको सर्वोच्चता र सर्वोपरिता सम्झौताको कुनैपनि व्यवस्था र शर्तभन्दा माथि रहेको स्पष्ट हुँदै, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनता अक्षुण्ण र अउल्लङ्घनीय रहेको राष्ट्रिय प्रतिबद्धता प्रकट गर्दै, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्न पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताअनुसार कुनै सैन्य सङ्गठनमा सामेल नहुने नेपालको पररष्ट्र नीतिको परम्परालाई आत्मसात् गर्दै, उक्त प्रस्ताव अनुमोदन गरिदिनुहुन म यस सम्मानित सदनसमक्ष प्रस्ताव गर्दछु ।'

*सम्माननीय सभामुख महोदय,*

यो प्रस्ताव अमेरिकी सहयोग निकाय एमसीसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डहरूको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित छ । नेपाल सरकार र एमसिसीबीच संवत् २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले ५ वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्ने हुन्छ । सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएको हुँदा यो सम्झौता अनुमोदनका लागि प्रस्ताव गरिएको छ ।

यो सम्झौतामा हस्ताक्षर हुनुअघि गरिएको अध्ययनले विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्य १० लाख जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरेको थियो । यी परियोजनाहरूबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन् । यसका अतिरिक्त यो सम्झौताको कार्यान्वयनबाट नेपाललाई देहायअनुसारका फाइदा हुन्छन्:

१. नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि एमसिसी अमेरिकी डलर ५०० मिलियन (हालको विनिमय दरअनुसार करिब ६० अर्ब रुपियाँ) अनुदानका रूपमा प्राप्त हुने,
२. काठमाडौंको लप्सीफेदीदेखि नुवाकोटको रातमाटेहुँदै हेटौंडा र दमौली हुँदै बुटवलसम्म ४०० केभी क्षमताको करिब ३०० किलोमिटर लामो प्रसारण लाइन निर्माण भई सो आसपासका विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् प्रसारणमा सहयोग पुग्नाका साथै देशभर प्रसारण लाइनको जालो फैलाउन मद्दत पुग्ने,
३. यो अनुदान सहायता विद्युत् प्रसारण लाइन निर्माणमा कोसेढुङ्गा भई देशको आर्थिक सामाजिक विकासका लागि महत्वपूर्ण साधनका रूपमा रहेको विद्युत्शक्तिको उपलब्धता सहज भई उत्पादन क्षेत्र सबल बन्ने, नेपालमा उत्पादित जलविद्युतले बजार पाउने र आमजनताको दैनिक जीवनका लागि अपरिहार्य विद्युत्शक्ति उपलब्ध हुने भई दीगो विकासमा सहयोग पुग्ने,
४. विद्युत् प्रसारणको सुनिश्चित भएपछि विद्युत् उत्पादनमा थप लगानी आकर्षित हुने,
५. सडक खण्डहरूको अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको मर्मत भई यातायात सुविधा सहज हुने र यस्तो मर्मत कार्यको अनुभव अन्य सडकखण्डमा समेत उपयोग गर्न सकिने,
६. हाल उच्च क्षमताको एकमात्र अन्तरदेशीय प्रसारण लाइन भएकामा यस सहायताबाट निर्माण हुने प्रसारण लाइनमा जोडिने गरी अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न आधार खडा भई नेपालमा उत्पादित बचत विद्युत् व्यापारका लागि ढोका खुल्ने, यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्ने ।

*सम्माननीय सभामुख महोदय,*

यस सम्झौताको कार्यान्वयनका लागि अन्य सबै पूर्वसर्तहरू पूरा भइसकेकाले यसको अनुमोदनपश्चात् यसबाट सञ्चालन हुने आयोजनाहरू सुरु भएको मितिले पाँच वर्षभित्र सम्पन्न भई आयोजनाको प्रतिफल समयभित्रै प्राप्त हुनेछ । अमेरिकी सहयोग निकायले अमेरिकी डलर ५०० मिलियन उपलब्ध गराउने र नेपाल सरकारले ५ वर्षको अवधिमा अमेरिकी डलर १३० मिलियन बराबरको रकम वार्षिक विनियोजन गरी व्यहोर्नेछ ।

यस सम्झौता बमोजिमका आयोजनाहरू निर्धारित मितिभित्रै सम्पन्न गर्न बृहत्तर राजनीतिक सहमति आवश्यक भएकाले सबै नेपालीले राष्ट्रिय गौरवको रूपमा यो आयोजनालाई स्वामित्व लिनसक्ने गरी यस सम्झौतालाई जनप्रतिनिधिहरूबाट संवैधानिक व्यवस्थाअनुरूप अनुमोदन हुनु उपयुक्त हुने भएकाले सम्माननीय सभामुखमार्फत् म सबै माननीय सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु र सबै माननीय सदस्यहरूलाई विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न सहयोग गर्न आग्रह गर्दछु ।

# प्रदर्शन गर्ने १३ जना प्रहरी नियन्त्रणमा

काठमाडौं, (रासस) अमेरिकी अनुदान सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को विरोधमा भएको प्रदर्शनका क्रममा प्रहरीले १३ जनालाई नियन्त्रणमा लिएको छ । संसद् भवन नयाँ बानेश्वर परिसरमा भएको एमसिसी विरोधी प्रदर्शनका क्रममा उनीहरुलाई नियन्त्रणमा लिइएको हो ।

प्रदर्शनको क्रममा प्रहरी र प्रदर्शनकारी दुबैतर्फ केही व्यक्ति घाइते भएका छन् । नेपाल प्रहरीका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक विष्णुकुमार केसीका अनुसार प्रहरी तर्फ १० घाइते भएका छन् । अहिले उपत्यकाको सुरक्षा अवस्था सामान्य छ । प्रदर्शनकारीतर्फ पनि केही व्यक्ति घाइते भएको बताइएको छ ।

भीड नियन्त्रणमा लिन प्रहरीले सामान्य लाठीचार्ज, अश्रु ग्यास र पानीको फोहोरा प्रयोग गरेको थियो । प्रदर्शनकारीले सुरक्षाकर्मीमाथि ढुङ्गा प्रहार गर्नाका साथै सडक अस्तव्यस्त पारेका थिए । बिजुली बजारदेखि बानेश्वरहुँदै तीनकुने पुलसम्म प्रदर्शनकारीको अवरोधले कामकाजी सर्वसाधरणले शास्ती व्यहोर्नुपरेको थियो । सम्भावित सुरक्षा जोखिमलाई मध्यनजर गरी उल्लेख्य सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिको थियो ।

# ई-सेवामा बोनस भन्दै ठग्ने पक्राउ

काठमाडौं, (रासस) ई-सेवामा बोनस रकम प्राप्त हुन्छ भन्दै ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीको महानगरीय अपराध महाशाखाले ई-सेवामा ५० हजार रुपियाँ जम्मा गरेमा दुई हजार ५०० रुपियाँ बोनस पाइन्छ भनी जम्मा गर्न लगाई ठगी गर्ने रौतहटको माधवनारायण नगरपालिका-२ का शुभम् साह र बाराको गढिमाई नगरपालिका-१० का सर्फराज आलमलाई आइतबार पक्राउ गरेको हो ।

पक्राउ परेका साह र आलमले विभिन्न व्यक्तिलाई ई-सेवामा पैसा हाल्न लगाई सात लाख २७ हजार रुपियाँ ठगी गरेका थिए । पक्राउ परेका दुबै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको महाशाखाले जनाएको छ ।

# मिडियालाई औषधिमा छुट

काठमाडौं, (रासस) मिडिया एलाइन्समा आबद्ध पत्रकार, कर्मचारी तथा परिवारका सदस्यलाई औषधि खरिदमा छुट दिइने भएको छ । हाम्रो फर्मा फार्मेसी प्याथल्याबको सेवा लिने प्रयोजनले मिडिया एलायन्स नेपाल र साधना हेल्थ प्रालिबीच सम्झौता भएको हो ।

सम्झौतापत्रमा मिडिया एलायन्स नेपालका अध्यक्ष भाष्करराज राजकर्णिकार र हाम्रो फर्मा फार्मेसीका तर्फबाट साधना हेल्थ प्रालिका अध्यक्ष दिरेकलाल श्रेष्ठले हस्ताक्षर गरेका छन् । सम्झौतानुसार हाम्रो फर्माले मिडिया एलायन्सका सबै कर्मचारी तथा पारिवारिक सदस्यलाई नेपालमा उत्पादित औषधिमा १५ र भारतीय औषधिमा १२ प्रतिशत छुट दिनेछ ।

काठमाडौं उपत्यकाभित्र हाम्रो फर्माले बिहान १० बजेसम्म औषधिको अर्डर पायो भने सोही दिन घरसम्म आपूर्ति गरिदिनेछ । हाम्रो फर्माले मासिकरूपमा डिजिटल माध्यमबाट नियमित औषधि सेवन गर्ने ग्राहकलाई 'औषधि सकिन लाग्यो कि' भन्ने व्यहोराको रिमाइन्डर नोटिस' पनि पठाउनेछ ।

# थाहाका कृषकलाई मिनिटिलर



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ तरकारी जोनका रुपमा प्रख्यात थाहा नगरपालिकाका कृषकलाई कृषि यान्त्रिकरण उपलब्ध गराइएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई मकवानपुरले थाहा कृषकहरुलाई ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण गरेको हो । कृषि सहकारी, कृषक समूह र व्यक्तिगत कृषि फर्ममा आबद्ध कृषकहरुलाई अनुदानमा ३६ वटा मिनिटिलर वितरण गरिएको जनाइएको छ । थाहा नगरपालिका-४ का वडा सदस्य नारायण लामाको प्रमुख आतिथ्यतामा मिनिटिलर हस्तान्तरण गरिएको थियो । वडा सदस्य लामाले कृषि पेशालाई आत्मनिर्भर भन्दा पनि व्यवसायिक बनाउन आधुनिकरणको आवश्यकता रहेको औंल्याए ।

तीनै तहका सरकारले कृषि यान्त्रिकरणको प्रयोगमा बढी ध्यान दिनुपर्ने उनको भनाइ छ । तरकारी जोन मकवानपुरका प्रमुख कृष्णप्रसाद पौडेलले कृषिमा यान्त्रिकरण गरी उत्पादन लागत कम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा तरकारी जोन संचालक समिति अध्यक्ष सुबिनभक्त श्रेष्ठ, कृषि सहकारी संघ मकवानपुरका संचालक राजकुमार केसी, तरकारी जोन मकवानपुरका कृषि विकास अधिकृत अनिल तिवारीलगायत सहकारी, समूह र फर्मका पदाधिकारीको उपस्थिति थियो ।

# सामुहिकरुपमा उत्पादित अदुवा र खुर्सानी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ हेटौंडा-१७ स्थित ऋषेश्वरी महिला कृषक समूहले सामुहिक रुपमा उत्पादन गरेको अदुवा र खुर्सानी समूहका सदस्यहरुलाई वितरण गरिएको छ ।

गतवर्ष हेटौंडा उपमहानगरपालिकाको सहयोगमा समूहका सदस्यहरुले सामूहिकरुपमा लगाएको खुर्सानी र अदुवा शनिबार वितरण गरिएको हो । समूहकी अध्यक्ष रिता दाहालका अनुसार उपमहानगरको एक लाख रुपियाँ सहयोगमा उनीहरुले अदुवा र खुर्सानी लगाएका थिए ।

खुसार्नीको उत्पादन यसअघि नै भएकाले अगाडि नै वितरण गरिएको भएपनि अदुवा शनिबार उत्खनन् गरेर वितरण गरिएको हो । ८ क्विन्टल बीऊ र ोपेकोमा ४० क्विन्टल अदुवा उत्पादन भएको समूहकी अध्यक्ष दाहालले बताइन् ।

उनले उत्पादन भएको अदुवामा ९ क्विन्टल पुन:रोप्नका लागि राखेर बाँकी सदस्यहरुमा वितरण गरिएको जानकारी दिइन् । यसैगरी ४५ हजार रुपियाँको खुर्सानी पनि उत्पादन भएको उनको भनाइ छ । विषादीरहित आर्ग्यानिक खेतीलाई प्राथमिकता दिएर आफूहरुले अदुवा र खुर्सानी उत्पादन गरेको उनले बताइन् ।




डबल ब्ल्याक खाजा

स्वादिष्ट परिकारहरू:

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



ओपाज कफि पिउँदा

स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

डबल ब्ल्याक खाजा

हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३

प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

*अब होटल म्याक्समा*

होटल MAX

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा

www.sajhakuranews.com

"तपाईं हामी सबैको कुरा "

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना